# बाल कोष खर्च संञ्चालन सम्वन्धी कार्यविधि, २०७९

स्वीकृत मिति : २०७९/०८/१५
प्रमाणित मिति : २०७९/०८/२५

**प्रस्तावना :**

टीकापुर नगरपालिका क्षेत्र भित्र आपतकालिन अवस्थामा परेका वालवालिकाको उत्थान, पुनः स्थापना, पूर्नमिलन र संरक्षणको लागि वालकोष स्थापना गरी संञ्चालन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (त) ५ वमोजिम टीकापुर नगरकार्यपालिकाले वालकोष खर्च संञ्चालन सम्वन्धी कार्यविधि, २०७९ स्वीकृत गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "वाल कोष खर्च संञ्चालन सम्वन्धी कार्यविधि, २०७९" रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाको वैठकवाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–**

(क) **"कोष"** भन्नाले यस कार्यविधिको दफा ४ मा उल्लेख गरे वमोजिम स्थापना गरिएको नगर स्तरीय बाल कोष सम्झनु पर्छ ।

(ख) **"बालअधिकार समिति"** भन्नाले टीकापुर नगरपालिकाको बालअधिकार गठन सम्वन्धी कार्यविधि, २०७७ बमोजिम गठित समितीलाई सम्झनु पर्छ ।

(ग) **"आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका"** भन्नाले कार्यविधिको दफा १२ मा उल्लेखित वालवालिकालाई सम्झनु पर्छ ।

(घ) **"संञ्चालक समिति"** भन्नाले कार्यविधिको दफा ६ मा उल्लेख गरे वमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

**३. आपतकालिन बाल कोषको उद्देश्य :**

(क) आपतकालिन तथा जोखिममा अवस्थामा रहेका बालबालिकाको उद्दार गर्ने ।

(ख) राहत उपलब्ध गराउने, पारिवारिक पुर्नस्थापना गर्ने ।

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

(ग) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्नुका साथै वालअधिकार संरक्षण र सम्वर्द्धनको सुनिश्चितता गर्ने ।

**४. कोषको स्थापना :** (१) नगर क्षेत्र भित्रका जोखिम वा आपतकालीन अवस्थामा रहेका वालबालिकाको संरक्षण गर्न एक बाल कोषको स्थापना हुनेछ ।

(२) बाल कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

(क) टीकापुर नगरपालिकाले वार्षिक बजेट मार्फत विनियोजन गरेको रकम ।

(ख) विभिन्न संघ-संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम ।

(ग) अन्य कुनै स्रोतवाट प्राप्त हुने रकम ।

**५. कोषमा रकम जम्मा गर्न सक्ने :** वालबालिकाको क्षेत्रमा नेपाल भित्र कार्यरत रही टीकापुर नगरपालिका/वडा कार्यालय सँग सहकार्य गर्न चाहने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुले इच्छाएको रकम कोषमा जम्मा गर्न सक्नेछन ।

**६. सञ्चालक समितिको गठन:** कोषको व्यवस्थापन, संञ्चालन तथा स्रोतको खोजी गर्न देहाय बमोजिमको सञ्चालक समिति रहनेछ ।

(क) नगर उप-प्रमुख वा निजले तोकेको नगर कार्यपालिकाको सदस्य - संयोजक

(ख) नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग) नगरस्तरीय बाल अधिकार समिति प्रतिनिधि - सदस्य

(घ) नगर स्तरिय वाल सञ्जाल प्रतिनिधि - सदस्य

(ङ) नगरपालिकाको सामाजिक शाखा अन्तर्गत वालवालिका हेर्ने सम्पर्क व्यक्ति - सदस्य सचिव

**७. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :**

सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) जोखिम अवस्थामा रहेका वालवालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्वन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै पनि वालवालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्वन्धमा अनुगमन गर्ने,

(ङ) वाल अधिकार समितिसंग मिलेर जोखिम अवस्थामा रहेका वालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(च) नगरपालिकाले दिएको निर्देशन पालना गर्ने,

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

(छ) वालवालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संघ संस्थासँग समन्वय गर्ने,

(ज) कोष वृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने,

(झ) प्रत्येक ६ महिनामा कार्य प्रगतिको विवरण नगर वालअधिकार समितिमा पेश गर्ने,

(ञ) कोषको आय-व्ययको विवरण अद्यावधिक गरी नगरस्तरीय वालअधिकार समितिमा पेश गर्ने,

(ट) आपतकालिन अवस्थाका वालबालिकाको संरक्षणका लागि अन्य आवश्यक काम गर्ने,

(ठ) कोषको वृद्धिमा सहयोग गर्ने संघ-संस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने,

(ड) समितिले तोकेका अन्य कार्य गर्ने ।

## ८. सञ्चालक समितिले गर्न नहुने कामहरु :

सञ्चालक समितिले देहायका काम गर्न गराउन हुँदैन :

(क) कोषको रकम हिनामिना गर्ने वा कोषको उद्देश्य विपरित समितिका कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न ।

(ख) आपतकालिन अवस्थाका वालवालिकाको तत्काल उद्दार तथा संरक्षण गर्ने कार्यबाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

## ९. संञ्चालक समितिको बैठक :

आपतकालिन अवस्थाका बालवालिकाहरुको संरक्षणको लागि नगर वाल अधिकार समितिमा परेका निवेदन उपर छलफल र निर्णय गर्न संञ्चालक समितिको वैठक देहाय बमोजिम वस्नेछ ।

(क) संञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार वस्नेछ ।

(ख) संञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा संयोजकले तोकेको संञ्चालक समितिको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(ग) संञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(घ) संञ्चालक समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गराई राख्नेछ ।

(ङ) संञ्चालक समितिको सम्पर्क स्थान नगरपालिकाको महिला वालवालिका तथा समाजकल्याण उपशाखामा रहनेछ ।

## १०. बालकोषको प्रयोग

कोषको प्रयोग देहाय वमोजिमको प्रयोजनको लागि गरिनेछ ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा रहेका बालबालिकाको उद्धार, राहात, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानुनी उपचार र छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,
(ख) अदालतको आदेशनुसार स्थानीय तहभित्रका बालबालिकालाई क्षतिपुर्ति दिन र बालबालिकाको हकहित सम्बन्धमा कोष संञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन ।

## ११. बालकोष रकमको खर्च सीमा :

(१) बालकोषको रकम देहायको अवस्था र सीमा भित्र रही कोष संञ्चालक समितिको निर्णयवाट खर्च गर्न सकिनेछ ।
(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई घर फिर्ता तथा स्वास्थ्य उपचार सेवाका लागी वार्षिक एक पटक अधिकतम रु १२ हजारसम्म,
(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च वार्षिक अधिकतम रु २४ हजारसम्म,
(ग) विशेष संरक्षणको आवश्यकता भएका र तत्काल सहयोगको आवश्यकता भएका बालबालिकाका लागी तत्काल राहात, शैक्षिक सहयोग, स्वास्थ्य सेवा एवंम सामाजिक संरक्षण बाफत एक पटकमा अधिकतम प्रति बालबालिका रु ९ हजारसम्म
(घ) अदालतले तोकेको क्षतिपूर्ति पिडकवाट प्राप्त गर्न सक्ने अवस्था नभएको खण्डमा अदालतको आदेशानुसार तोकेको क्षर्तिपूर्ति रकम,
(ङ) माथि खण्ड (क) देखि खण्ड (घ) सम्म बाहेक विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा परेका बालबालिकाको संरक्षणका लागी सहयोग रकमको सीमा कोष संञ्चालक समितिले निर्धारण गरे वमोजिम हुनेछ ।
(२) वाल कोषको रकम तालिम, गोष्ठी, भ्रमण, अनुगमन, प्रशासनिक कार्य, बैठक भत्ता र सचेतनामुलक जस्ता कार्यक्रममा खर्च गर्न पाइने छैन

## १२. आपतकालीन एवं जोखिम अवस्थाका बालबालिका अर्न्तगत देहायका बालबालिका पर्दछन :

(१) जोखिमपूर्ण श्रममा संलग्न रहेका,

(२) यौनशोषण, यौन र्दुव्यवहार, वेचविखन वा ओसार पसारमा परेका, यौनजन्य वा अन्य कुनै प्रकारको शोषणमा परेका,

(३) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता र्दुव्यवहारवाट पिडित,

(४) अपांगतामा भएका,

(५) दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका,

(६) हिंसावाट प्रभावित एवं पिडित भएका,

(७) हराएको वा वेवारिसे अवस्थामा फेला परेका,

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

(८) ऋणको कारणले वन्धकमा रहेका वा जवरजस्ती श्रममा लगाई पिडित भएका,

(९) वावु/आमा कारागार वा हिरासतमा रहेको वा अन्य कुनै कसुरसँग सम्वन्धीत रहेको कारणले बेवारिसे भएका,

(१०) वावुआमा वा आफन्तजनको संरक्षणवाट वञ्चित भएका,

(११) सुस्त मनस्थिति भएका,

(१२) अपहरण वा शरीर वन्धकमा परेका,

(१३) सडक वालवालिका,

(१४) एच.आई.भि.संक्रमित तथा प्रभावित भएका,

(१५) समितिले तोकेका अन्य वालवालिका ।

## १३. निवेदन दिन सक्ने :

यस कार्यविधिको **अनुसुची-१** मा उल्लेखित ढाँचामा वालवालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि टीकापुर नगरपालिका वा सम्वन्धित वडाहरुमा वसोबास गर्ने जोसुकै सरोकारवाला/व्यक्तिले नगर/वडा कार्यालयमा वालवालिकाको विस्तृत विवरण खुल्ने गरी निवेदन दिनु पर्नेछ ।

## १४. खाताको सञ्चालन :

वाल कोषको रकम समितिको निर्णयले नेपाल सरकारवाट मान्यता प्राप्त कुनै पनि क वा ख वर्गको बैंकमा खाता खोली जम्मा गर्न सकिनेछ । खाता संञ्चालन गर्ने क्रममा चल्ती वा वचत दुवै मध्ये एक प्रकारको रहनसक्नेछ जसमा कार्यालयको प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त हस्ताक्षरमा खाता संञ्चालनमा रहनेछ ।

## १५. लेखा परिक्षण :

प्रत्येक वर्षको आय-व्ययको विवरण टीकापुर नगरपालिकाको अन्तिम लेखापरिक्षण गरे वमोजिम हुनेछ ।

## १६. कोषको रकम फ्रिज नहुने :

कोषको रकम खर्च नभए आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

## १७. खर्चको सीमा :

कोषको जम्मा भएको रकम मध्ये न्युनतम ५०% रकम खर्च हुनु भन्दा अगाडि नै श्रोतको खोजी गर्नुपर्नेछ । कोषको न्युनतम २० प्रतिशत रकम मौज्दात रहनुपर्नेछ ।

नगर प्रमुख

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

## १८. कार्यविधिको व्याख्या तथा संशोधन :

यस कार्यविधिमा भएका व्यवस्थाहरुमा कुनै विवाद आएमा सञ्चालक समितिको व्याख्या नै अन्तिम निर्णय हुनेछ साथै संशोधन आवश्यक भएमा संञ्चालक समितिले साझेदार संघसंस्था र सरोकारवाला पक्षहरुसंग छलफल गरी आदश्यक राय तथा परामर्श लिई नगरकार्यपालिकावाट संशोधन गर्न सकिनेछ ।

## १९. कोष खारेज हुन सक्ने अवस्था

कुनै कारणवश कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रयाप्त कारणहरु सहित नगर कार्यपालिकामा पेश गरी कार्यपालिकाको निर्णयले खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेको रकम नगरपालिकाको कोषमा जम्मा हुनेछ साथै उक्त कोषको रकम नगर कार्यपालिकाको निर्णय अनुसार वालअधिकार समितीको अगुवाईमा वालहितकारी कार्यक्रममा खर्च गर्न सकिनेछ ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# अनुसुची १
## निवेदनको ढाँचा

मिती :.......................

श्री ............................. ।
टीकापुर नगरकार्यपालिकाको कार्यालय ,टीकापुर कैलाली ।

विषय :

१.बालबालिकाको नाम,थर :
२.ठेगाना:....
३.उमेर
४.लिंग :
५.पारिवारिक विवरण :

६.गुनासो तथा घटनाको संक्षिप्त विवरण :..........................................................
..........................................................................................
..........................................................................................
..........................................................................................
..........................................................................................
..........................................................................................
...............................................

७. घटना। समस्या समाधानका सम्भावित उपायहरु के हुन सक्दछन् ।
..........................................................................................
..........................................................................................
..........................................................................................
..........................................................................................
..........................................................................................
..........................................................................................

८.निवेदकको नाम:
दस्तखत :